कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा

कोहलपुर, बाँके,
लुम्बिनी प्रदेश, नेपाल

पत्र सङ्ख्या : ०७७/०७८
च. नं. ६१९०

मिति २०७८/०३/१४

विषय: सी.यू.जी. मा आबद्ध हुने सम्बन्धी सूचना।

श्री सबै सामुदायिक विद्यालयहरु,
कोहलपुर नगरपालिका, बाँके।

प्रस्तुत विषयमा नेपाल टेलीकमको आधिकारिक वेबसाइटमा प्रकाशित "पाठशाला CUG सिम' वितरण गर्ने सम्बन्धी सूचना" मा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको 'विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना २०७७' मा प्रस्तुत कार्यविधि अनुसार सार्वजनिक विद्यालयका शिक्षक र विद्यार्थीबीच सिकाई सम्पर्क कायम गराउन सार्वजनिक विद्यालय, स्थानीय तह र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको विद्यार्थी र शिक्षकलाई मोबाइल सेवाको Closed User Group (CUG) मा आबद्ध गराउने योजना रहेको नीतिगत प्रावधान र पाठशाला CUG सिम निःशुल्क प्राप्त गर्ने प्रक्रिया रहेको व्यवस्था उल्लेख छ। यस व्यवस्था अनुसार निःशुल्क रुपमा उपलब्ध गराइने प्रिपेड सिमकार्ड (पाठशाला CUG सिम) प्राप्त गर्न निम्न अनुसारको व्यवस्था गरिएको छ।

सोही बमोजिम नेपाल टेलिकमले सम्पूर्ण सरकारी तथा सामुदायिक विद्यालयका विद्यार्थी, शिक्षक तथा विद्यार्थीका परिवारको कुनै एक सदस्यलाई आवश्यकता अनुसार 'पाठशाला CUG सिम' (प्रिपेड मोबाइल सिमकार्ड) निःशुल्क उपलब्ध गराउने र शैक्षिक संस्थाका विद्यार्थी, शिक्षक तथा विद्यार्थीका परिवारको कुनै एक सदस्यले हाल प्रयोग गरिरहनु भएका नेपाल टेलिकमका GSM तथा CDMA सेवाका प्रिपेड मोबाइल नम्बरहरु वा उहाँहरुलाई निःशुल्क प्रदान गरिएका प्रिपेड मोबाइल नम्बरहरुलाई Closed User Group (CUG)मा आबद्ध गर्न सकिने व्यवस्था रहेको छ।

उक्त व्यवस्था अनुसार यस शाखाबाट कोहलपुर नगरपालिका क्षेत्रका सबै सामुदायिक विद्यालयहरुलाई सी.यू.जी. मा आबद्ध हुनका लागि विद्यार्थी सङ्ख्याका आधारमा प्रति विद्यार्थी रु. १२५/- का दरले अनुदान रकम गएको अवगतै होला। तसर्थ नेपाल टेलिकमबाट जारी पाठशाला CUG सिम' वितरण गर्ने सम्बन्धी सूचनामा उल्लेख भएको प्रक्रिया अनुसार "पाठशाला CUG सिम" प्राप्त गर्ने प्रक्रिया अगाडि बढाउनु हुन र "पाठशाला CUG" मा उपलब्ध सेवाहरु प्रयोग गरीगराई पठनपाठनलाई निरन्तरता दिनुहुन अनुरोध गरिन्छ।

निःशुल्क रुपमा उपलब्ध गराइने प्रिपेड सिमकार्ड (पाठशाला CUG सिम) प्राप्त गर्ने प्रक्रिया नेपाल टेलिकमको आधिकारिक वेबसाइट https://www.ntc.net.np/post/paathshala-cug-sim-distribution बाट डाउनडोड गरी प्राप्त गर्न सकिनेछ।

.............
(अनन्तकुमार पौड्याल)
शिक्षा शाखा प्रमुख

बोधार्थ:

१. श्री नेपाल टेलिकम, कोहलपुर शाखा: आवश्यक सहयोगका लागि
२. श्री नगरप्रमुखको सचिवालय, कोहलपुर नगरपालिका, बाँके: आवश्यक समन्वय गरिदिनुहुन।